स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



हास्य कलाकार तथा अभिनेता जितु नेपालले यो वर्षको 'गाईजात्रा'लाई लक्षित गर्दै हास्यव्यङ्ग्य सामाग्री 'मुन्द्रेको हास्य व्यङ्ग्य सामाग्री २०८२' सार्वजनिक गरेका छन्। यो पटक फरक फरक ४ भागमा गाईजात्रे कोसेली सार्वजनिक गर्ने उनको योजना रहेको छ। जसमध्ये पहिलो भाग व्यर्थ मन्त्रीको बजेट भाषणमा 'गाईजात्रे बजेट भाषण' मंगलबार सार्वजनिक गरिएको हो।

आजको विचार...



विशाल सुवेदी

सामुदायिक... (दुई पेजमा)

सन् २०२५ मा प्रदर्शनमा आएका ५ नेपाली फिल्मको 'लाइफटाइम कलेक्सन' सार्वजनिक भएको छ। घरेलु बक्सअफिसमा सर्वाधिक कमाइ गर्ने यी शीर्ष ५ फिल्म हुन्। फिल्म 'ऊनको स्वीटर' यो अंग्रेजी वर्षमा सर्वाधिक कलेक्सन गर्ने नेपाली फिल्म बनेको छ। सूचीमा अञ्जिला, लाज शरणम्, पिताम्बर र होस्टेल ३ पनि समावेश छन्। बक्सअफिस डेटाअनुसार यस्तो छ सन् २०२५ को जुलाईसम्म सर्वाधिक धेरै कमाउने ५ नेपाली फिल्म।



❐ वर्ष ३१ ❐ अंक १५ ❐ २०८२ साउन १५ गते बिहीबार 31 July 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# साउन पन्ध्र संस्कृति : कर्मकाण्ड कि अर्थपूर्ण ?

## खिर खाएर मनाइँदै साउने पन्ध्र

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १५/नेपाल बहुभाषिक, बहुसंस्कृतिक भएको मुलुक हो । यहाँ सबै जातजाती, धर्म, संस्कृतिलाई समेटेर धेरै किसिमका पर्वहरु मनाइन्छ । सबै कुरालाई समेटेर चाडपर्व मनाइने गरिएकोले नै हाम्रो देशको कला, संस्कृति एवं परम्परा अहिलेसम्म बाँचिरहेको छ । साउने पन्ध्र संस्कृति पनि एक हो । प्रत्येक वर्ष साउन १५ गते खिर खाएर यो पर्व मनाउने गरिन्छ ।

वर्षा ऋतुका बेला असार १५ गते दही च्युरा र साउन १५ मा खिर खाने प्राचिनकालदेखिको नेपाली परम्परा हो । साउने झरी पर्ने बेलामा तातो खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खिर खाने गरिएको पाइन्छ । दूधमा



मरमसलालगायत चिजबिज हालेर बनाइने खिरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । धान रोपेर काम सकेपछि खुसीयाली स्वरूप साउन पन्मा खिर खाने चलन रहेको पाल्पा रिब्दीकोटकी शान्ता अधिकारीले बताईन् । उनी भन्छिन् "साउन महिनामा गाउँ-घरमा खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । राम्रा र धेरै घाँस पाइने बेलामा गाई, भैंसीले पनि धेरै दूध दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खिर खाने चलन चलेको हो ।" साउन १५ मा खिर खाने चलन पुरानै रहेको तानसेनकी मीना खत्री बताउँछिन् । असारभरी पानी र हिलोमा खेल्दा सर्दी लाग्ने र तातो र पोषिलो खिर खाँदा सर्दिबाट जोगिने विश्वास रहेको उनको भनाई छ ।

**खिर स्वस्थ्यवर्द्धक**

असारे चटारो पछिको फुर्सदका साथै वर्षाको झरीमा भिजेको शरीरलाई निरोगी बनाउन तथा उर्जामय राख्न खिर खाने गरिन्छ । परापूर्वककालदेखि नै पुर्खाहरुले मौसम अनुसार श्रम र मानव स्वास्थ्यलाई सन्तुलनमा राख्न यस प्रकारको भोजनलाई चलनचल्तीमा ल्याएका हुन् । दूधमा प्रोटिन र फ्याटको मात्रा हुने र चामलबाट कार्बोहाइड्रेड र अन्य ड्राइ फ्रुट्सले भिटामिन, मिनरल्स प्रदान गर्ने भएकाले पनि खिरलाई पोषिलो परिकारका रुपमा लिने गरिन्छ । खिरमा प्रयोग गरिने मरिचले कफ हटाउन मद्धत गर्ने, दूधले शरीरमा शीतलता प्रदान गर्ने, दाख अग्निवर्द्धक हुने हुँदा पित्त नाश गर्ने, केसरले बल प्रदान गर्ने, र नरिवल आफैंमा बहुगुणकारी फल भएकाले पनि खिर खानु स्वास्थ्यवर्द्धक भएको आर्यूवेदशास्त्रमा उल्लेख छ ।

**कर्मकाण्ड मात्रै ?**

खिर खेतीबालीमा मात्र खाने परिकार होइन । साथसाथै साउन पन्मा मात्र खाने परिकार पनि होइन । खिर, दही-चिउरा वर्षायामको खाजा हो । वर्षायाममा अरु खानेकुरा सड्ने, गल्ने, बासी हुने भएकाले खिर, दही-चिउरा उपयोगी मानिन्छ । छिटो, छरितो, मिठो र सुपाच्य खानेकुरा भएकाले खिर,दही चिउरा यतिबेला हाम्रो शरीरका लागि उपयोगी हुन्छ ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### इजरायली हमलामा ३० को मृत्यु

**(रासस/एएफपी)**

**गाजा सिटी,** साउन १४/मध्य नुसिरात जिल्लामा इजरायली हवाई आक्रमणमा महिला र बालबालिका सहित कम्तीमा ३० प्यालेस्टिनीको मृत्यु भएको गाजाको नागरिक सुरक्षा एजेन्सीले मंगलबार जनाएको छ । नागरिक रक्षाका प्रवक्ता महमुद बासलले आक्रमणहरू रातभर र बिहानसम्म भएको र नुसिरात शरणार्थी शिविरमा 'धेरै नागरिकको घर' लाई लक्षित गरिएको बताए । स्थानीय अल-अवदा अस्पतालमा '१४ महिला र १२ बालबालिका सहित ३० जना शहीदको शव' प्राप्त भएको बताइएको छ । सप्ताहन्तमा रूसी सेनाले यस क्षेत्रको पहिलो गाउँ कब्जा गरेको केही हप्तापछि आफ्नो सेनाले बताएको थियो । आक्रमणबाट सुरु भएको इजरायली आक्रमणबाट गाजामा ५९ हजार नौ सयभन्दा बढी प्यालेस्टिनीको ज्यान लिएको हमासद्वारा सञ्चालित क्षेत्रको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।


## सम्पत्ति विवरण बुझाऔं

-सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,

-राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,

-प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण कार्यालयमार्फत बुझाउनु पर्छ,

-करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,

-सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,

-समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

'त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं' ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# शैक्षिक गुणस्तर बढाउन प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता

**कृष्ण पोखरेल**

**पाल्पा,** साउन १४/जिल्लाको रम्भा गाउँपालिकाले सामुदायिक विद्यालयमा शिक्षा सुधारका लागि आधारभूत तथा माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरेको छ । विद्यालयको प्रशासनिक नेतृत्वलाई जवाफदेही बनाई विद्यालयको सुधार, विकास र उन्नयन गर्ने उद्देश्यले पालिकाले प्रधानाध्यापकसँग सम्झौता गरेको हो ।

गाउँपालिका भित्रका आधारभूत तथा माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूसँग शैक्षिक गुणस्तर बढाउनको लागि ३१ बुँदे कार्यसम्पादन करार सम्झौता गरिएको पालिकाले जनाएको छ । कार्यसम्पादन सम्झौताले विद्यालय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र मापन योग्य नतिजाको



आधारमा मूल्याङ्कन प्रणाली विकास गर्न मद्दत पुऱ्याउने लक्ष्य लिएको छ । पछिल्लो समय शिक्षामा देखिएको सुस्तता, शिक्षक तथा व्यवस्थापनको उदासीनता, विद्यार्थीको सिकाइस्तरमा कमजोरी लगायतका समस्याको समाधान खोज्न करार सम्झौता प्रभावकारी माध्यम बन्ने विश्वास गाउँपालिकाले लिएको छ । कार्यसम्पादन सम्झौताबाट विद्यालयतहमा स्पष्ट कार्यदिशा,समयमै कार्यान्वयन, नियमित अनुगमन र मूल्याङ्कन प्रणाली सुनिश्चित हुनेछ । करार सम्झौताबाट प्रधानाध्यापकहरूको नेतृत्व क्षमता अभिवृद्धि हुने र उनीहरू कार्यप्रति बढी प्रतिवद्ध बन्ने अपेक्षा गरिएको छ । शिक्षकहरूमा पनि शैक्षिक उत्तरदायित्वप्रति गम्भीरता बढ्ने छ । यसैगरी विद्यालयमा विद्यार्थीहरुलाई नियमित कक्षा, गुणस्तरीय पठन-पाठन र समयमै विद्यार्थीहरुलाई पाठ्यक्रम वितरणको वातावरण सुनिश्चित हुने छ । अभिभावकहरूले विद्यालयबाट समयमै सूचना प्राप्त गर्ने, आफ्ना छोराछोरीको प्रगति बारे जानकारी राख्न पाउने र विद्यालयप्रति विश्वास बढ्ने वातावरण बन्ने छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## साउन पन्ध्रको मौलिकता

आज साउन पन्ध्र अर्थात् खिर खाने दिन । आजको दिनलाई कृषिपर्वका रूपमा पनि मनाइने गरिन्छ । सामान्यतया धान रोपाइँ सकिने हुँदा हिलोमा काम गरेको चिसोको असर मेट्न यस दिन खिर खाने नेपाली चलन रहिआएको छ । दूधमा मरमसलालगायतका चिजबिज हालेर बनाइने खिरले हाम्रो शरीरमा ऊर्जा पैदा गर्छ । यसबाट मानव स्वास्थ्यमा राम्रो हुने भएकाले खिर खाने परम्परा चलेको विश्वास गरिन्छ । नेपालमा प्राचीन कालदेखि खिर एक उत्कृष्ट खाना हो । आयुर्वेद विज्ञानमा समेत खिरको महत्व निकै रहेको पाइन्छ । यसदिन खिर खाएमा शुभ हुने मान्यता रहेको छ । यस महिनामा वर्षा हुने र विभिन्न किसिमका रोग लाग्ने र बिरामी पर्ने हुँदा रोगबाट छुट्कारा पाउनका लागि खिर खाने चलन रहेको पाइन्छ । खिरमा रोग प्रतिरोधात्मक क्षमता हुने भएकोले खिर खाने चलन रहेको पाइन्छ । वर्षायाममा विभिन्न संक्रमण भई रोग लाग्ने गर्दछ । त्यसैले रोग नलागोस् र संक्रमण नहोस्, थकान् नलागोस्, फुर्ति बढोस् आदि भनेर पनि खिर खाने गरेको पाइन्छ । गर्मी महिना भएको कारणले शरीरमा दाद, खटिरा, घाउ, लुतोजस्ता रोगले दुःख दिने गरेको पाइन्छ । यी यस्ता रोगबाट बच्न प्रतिरोधात्मक शक्ति बढाउन साउन महिनामा दूध र दूधजन्य पदार्थको बढी नै सेवन हुने गरेको पाइन्छ ।

प्रत्येक वर्ष आउने आजकै दिनलाई विशेष महत्वका साथ लिने गरिन्छ । असार–साउनको महिना सदैव किसानहरुका लागि गौरव र प्रतिष्ठाको विषय पनि हो, जुन जीवनको आधारकै रुपमा अघि बढेको पनि छ । असार १५ र साउन १५ लाई दहीचिउरा र खिरको सांस्कृतिक बिम्बले समेत बाँधेको छ । कृषकले धान रोपेर काम सकेपछि खुशियाली स्वरूप खिर खाने परम्परा आफैमा राम्रो हो । तर बेलैमा पानी नपर्नु र पानी परेर समयमै धान रोपे पनि त्यसपछि पानी नपर्ने समस्याले भने कृषकलाई अलि नमजा भने लाग्ने नै गर्छ । यस वर्ष पनि अधिकांश स्थानमा पानी नपरेकै कारण खेतहरु धजा–धजा भएका छन् । हरेक वर्षमा जस्तै यसवर्ष पनि साउन १५ लाई लिएर देखिनुपर्ने सरोकार र चासोमा भने निकै कमी आइरहेको पाइए पनि यो दिनले बोक्ने सन्दर्भ भने ओझेल पर्न सक्दैन । घरमा परिवार र साथीभाइहरु मिलेर रमाइलोका साथ खिर खाँदै रमाउने र आनन्द लिनुले नेपाली संस्कृति र मौलिकताको संरक्षणलाई निरन्तरता दिएको मानिन्छ ।

### Opinion @ Social Network

बिग्रिदैमा सबै कुराको महत्व घट्छ भन्ने हुँदैन
नामलाई बिगारेर नै हस्ताक्षर बनाइन्छ ।
*युवराज थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Youbraj.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामुदायिक विद्यालयमा पढेर पनि सफलता पाउन सकिन्छ



## विशाल सुवेदी

*मैले संघीय निजामती सेवा अन्तर्गत लोक सेवा आयोगबाट बिल्डिङ एन्ड आर्किटेक्ट इन्जिनियरिङमा नाम निकालेको छु । मेरो पोस्टिङ हुन बाँकी छ । त्यसअघि मैले विभिन्न ठाउँमा प्रतिस्पर्धामै उत्रिएर नाम निकाल्दै जागिर खाने अवसर पनि पाएँ । इन्जिनियरिङ पढ्ने इच्छा सानैदेखि थियो । काठमाडौं पुगेर बुटवल फर्किनु परेको अवस्थामा पनि आफूले चाहेकै विषयमा कक्षा ९ देखि पढ्न पाएर अहिले रोजगारीको क्षेत्रमा समेत आफूलाई सफल तुल्याउन सक्नुमा विद्यालय र शिक्षकहरूको योगदानलाई बिर्सन मिल्दैन । त्यतिवेला मलाई एक जना आफन्तले नै बुटवलमा प्राविधिक धारतर्फ अध्यापन सुरु गरेका दुई वटा विद्यालयमध्ये एउटामा पढ्न सुझाव दिएका थिए । जस अनुसार मैले बुटवल-१० मा रहेको कालिका मावि र बुटवल-११ मा रहेको नवीन माविमध्ये एउटा रोज्नुपर्ने थियो । कालिका माविमा कम्प्युटर साइन्स र नवीन माविमा सिभिल इन्जिनियरिङतर्फ प्राविधिक विषय पढाइन्थ्यो । प्राविधिक विषय भर्खरमात्र पढाउन थालिएको, त्यसमा पनि सामुदायिक विद्यालय भएका कारण पढाइको गुणस्तर कस्तो होला भन्ने अन्योल नै थियो । परिवारमा पनि पढाइ बिग्रिने हो कि भन्ने एक प्रकारको चिन्ता थियो । त्यो वेला नेपालमा इन्जिनियरिङ पढ्दा महँगो शुल्क, विद्यार्थीहरू पनि राम्रो अङ्क ल्याएर पास भएकालाई मात्र छनोट गरिन्थ्यो । कार्यालय तुम्लिङटार, संखुवासभामा पनि मैले नाम निकालेँ ।*

अचेल सामुदायिक विद्यालयमा छोराछोरीलाई पढाउन हुँदैन भन्ने मान्यता बोक्ने अभिभावक प्रशस्त भेटिन्छन् । सामुदायिक विद्यालयमा त आयस्रोत थोरै भएका, गरिब परिवारका छोराछोरीमात्र पढ्ने हो भन्ने खालको भाष्य समाजमा व्याप्त छ । कतिपयले यही भाष्यका कारण आफ्नो जीवनमा धेरै कुरामा सम्झौता गरेर भए पनि छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाउने गरेको पाइन्छ । सुरुवातमा मैले पनि बोर्डिङ स्कुलमै अध्ययन गरेको थिएँ । कपिलवस्तुकै बोर्डिङ स्कुलमा नर्सरीदेखि कक्षा ७ सम्म अध्ययन गरेँ । त्यसपछि काठमाडौं गएर कक्षा ८ मा पढ्न थालेँ । त्यहीवेला दिदीले नर्सिङ पढ्न बुटवल आउनुपर्ने भयो । किनकि काठमाडौंका कलेजमा उहाँले नाम निकाल्न सक्नुभएन । दिदीसँगै म पनि बुटवल नै फर्किनुपर्ने भयो । बाध्यतामै बुटवल फर्किएर मैले नवीन औद्योगिक कदर बहादुर रिता माविमा प्रवेश परीक्षा पास गरेर भर्ना भएँ । तर यतिवेला मलाई गर्व लाग्छ- मैले नवीन औद्योगिक कदर बहादुर रिता माविमा पढ्न पाएकै कारण आफूलाई शैक्षिक प्रतिस्पर्धामा अब्बल साबित गर्न सकेको छु । मैले संघीय निजामती सेवा अन्तर्गत लोक सेवा आयोगबाट बिल्डिङ एन्ड आर्किटेक्ट इन्जिनियरिङमा नाम निकालेको छु । मेरो पोस्टिङ हुन बाँकी छ । त्यसअघि मैले विभिन्न ठाउँमा प्रतिस्पर्धामै उत्रिएर नाम निकाल्दै जागिर खाने अवसर पनि पाएँ । इन्जिनियरिङ पढ्ने इच्छा सानैदेखि थियो । काठमाडौं पुगेर बुटवल फर्किनु परेको अवस्थामा पनि आफूले चाहेकै विषयमा कक्षा ९ देखि पढ्न पाएर अहिले रोजगारीको क्षेत्रमा समेत आफूलाई सफल तुल्याउन सक्नुमा विद्यालय र शिक्षकहरूको योगदानलाई बिर्सन मिल्दैन । त्यतिवेला मलाई एक जना आफन्तले नै बुटवलमा प्राविधिक धारतर्फ अध्यापन सुरु गरेका दुई वटा विद्यालयमध्ये एउटामा पढ्न सुझाव दिएका थिए । जस अनुसार मैले बुटवल-१० मा रहेको कालिका मावि र बुटवल-११ मा रहेको नवीन माविमध्ये एउटा रोज्नुपर्ने थियो । कालिका माविमा कम्प्युटर साइन्स र नवीन माविमा सिभिल इन्जिनियरिङतर्फ प्राविधिक विषय पढाइन्थ्यो । प्राविधिक विषय भर्खरमात्र पढाउन थालिएको, त्यसमा पनि सामुदायिक विद्यालय भएका कारण पढाइको गुणस्तर कस्तो होला भन्ने अन्योल नै थियो । परिवारमा पनि पढाइ बिग्रिने हो कि भन्ने एक प्रकारको चिन्ता थियो । त्यो वेला नेपालमा इन्जिनियरिङ पढ्दा महँगो शुल्क, विद्यार्थीहरू पनि राम्रो अङ्क ल्याएर पास भएकालाई मात्र छनोट गरिन्थ्यो । त्यसैले सामुदायिक विद्यालयले इन्जिनियरिङ विषय कसरी धान्छ होला र पढाइको गुणस्तर कस्तो होला भन्ने द्विविधाका बिच मैले पढ्न थालेँ । त्यतिवेला अहिलेको जस्तो दक्ष शिक्षक तथा प्रयोगशालाका सामग्रीसमेत धेरै थिएनन् । त्यो अवस्थाका बाबजुद शिक्षक र विद्यार्थी दुवैले निकै मेहनत गरेर अध्ययन-अध्यापन अघि बढाइएको थियो । राम्रै नम्बर ल्याएर मैले १२ कक्षा पास गरेँ । त्यसपछि धरान इन्जिनियरिङ कलेजमा २०७५ सालमा भर्ना भएँ । कोभिड महामारीका कारण ४ वर्षे कोर्स पूरा गर्न ५ वर्ष लाग्यो । कोर्स पूरा गरेपछि २०८० सालमा धरान उपमहानगरपालिकामै असिस्टेन्ट इन्जिनियरिङमा नाम निकालेर काम गरेँ । सोही वर्ष तेह्रथुम जिल्लाको म्याङलुङमा पनि नाम निकालेँ तर म त्यहाँ नियुक्ति पत्र लिन गइनँ । किनकि त्यो मेरो लागि निकै दुर्गम थियो । सब डिभिजन कार्यालय तुम्लिङटार, संखुवासभामा पनि मैले नाम निकालेँ । त्यसको ८ महिनापछि बागमती प्रदेश लोक सेवा आयोगद्वारा माग भएको आवेदन अनुसार इन्जिनियरिङमा नाम निकालेर जल तथा सिँचाइ डिभिजन कार्यालय धादिङमा काम गरेँ । त्यहाँ काम गरेकै अवस्थामा यही साउन ५ गते सँघीय लोक सेवा आयोगबाट लिइएको परीक्षामा म पास भएँ । अब मैले फेरि नयाँ जिम्मेवारी सम्हाल्नु परेको छ । मेरो लक्ष्य इन्जिनियरिङतर्फ निजामती सेवाको सहसचिवसम्म पुग्ने हो । मलाई यतिका परीक्षामा सफल हुने दक्षता र आत्मविश्वास प्रदान गर्ने विद्यालय कुनै ठूलो बोर्डिङ स्कुल नभएर एउटा सामुदायिक विद्यालय हो भन्न पाउँदा गर्व लाग्छ । सामुदायिक विद्यालयमा राम्रो पढाइ हुँदैन भन्ने भाष्य बिस्तारै चिरिँदै गएको छ । राम्रो व्यवस्थापन, दक्ष शिक्षक, प्रविधिको प्रयोग र विद्यालयमा पठनीय वातावरण बनाउने हो भने सामुदायिक विद्यालयबाटै योग्य जनशक्ति उत्पादन गर्न सकिन्छ । म मात्र होइन, मसँगै पढेका धेरै साथीहरू पनि दक्ष भएर आफ्नो क्षेत्रमा काम गरिरहेका छन् । बुटवलमा त्योवेला सामुदायिक विद्यालयमा सिभिल इन्जिनियरिङतर्फ कक्षा सञ्चालन गर्ने योजना ल्याउने, त्यो योजनालाई साकार पार्ने काम आफैँमा चुनौतीपूर्ण त थियो नै, त्यही चुनौती सामना गर्दै आज आफू पढेको विद्यालय देशकै एउटा महत्त्वपूर्ण शैक्षिक संस्थाका रूपमा आफूलाई स्थापित गर्न सफल भएकोमा गर्व लाग्छ । सामुदायिक विद्यालयमा अनुभवी प्रशिक्षकको अभाव, प्राविधिक प्रशिक्षकहरू बारम्बार परिवर्तन हुने, प्राविधिक पाठ्यपुस्तकहरूको न्यून उपलब्धता, प्रयोगात्मक तालिमको कमी जस्ता कारणले राम्रो नतिजा आउन सक्दैन । यस्ता कुरालाई ध्यान दिने हो भने अन्य सामुदायिक विद्यालय पनि नवीन औद्योगिक कदर बहादुर रिता माविजस्तै राम्रो नतिजा ल्याउन सफल हुन्छन् भन्ने मलाई लाग्छ । सरकारले प्राविधिक विषय पढाइ हुने सामुदायिक विद्यालयमा समय-समयमा अनुगमन र मूल्याङ्कन गर्नुपर्छ । सोही मूल्याङ्कनको आधारमा अनुदान वृद्धि गर्नुपर्छ । विद्यार्थीहरूलाई समय समयमा राष्ट्रिय आयोजनाहरूमा फिल्ड भिजिट गराउनु पर्छ । विद्यालयको मात्र प्रयासले शिक्षाको स्तर उकास्न सम्भव हुँदैन । सरकारले पनि त्यस्ता विद्यालयलाई आवश्यक सहयोग समयमै उपलब्ध गराउने हो भने अहिलेको भन्दा अझ राम्रो नतिजा प्राप्त हुन्छ भन्नेमा म विश्वस्त छु ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मिठो बोलिको प्रयोग गर्नुहोस्। पारिवारिक सहयोगले कार्य समयमा पूरा हुनेछ। | **तुला** : अपरिचित व्यक्तिहरूबाट सावधान रहनुहोला। वादविवाद गर्नदेखि बच्नुहोस्। |
| **वृष** : नयाँ उद्देश्य मिल्नेछ। इष्टमित्रहरूको सहयोगले अप्ठ्यारा कार्य सम्पादन हुनेछ । | **वृश्चिक** : अनुभवको कमीले नोक्सानि उठाउनु पर्ला। उल्झनहरू सुल्झिनेछन्। |
| **मिथुन** : मनमा अज्ञात भय रहनेछ। सामाजिक जीवनमा मान सम्मान मिल्नेछ। | **धनु** : अरुको स्वार्थमा जोडिनदेखि बच्नुहोस्। कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। |
| **कर्कट** : शुभचिन्तकहरूको सहयोग लिनुहोला। व्यापार व्यवसायमा लाभ रहनेछ। | **मकर** : उधारो दिएको रकम हात पर्न सक्छ। धर्मकर्ममा मन लाग्नेछ। |
| **सिंह** : गरेका गल्तीहरूको पश्चताप हुन सक्छ। भौतिक सुख सुविधामा खर्च हुनेछ। | **कुम्भ** : अप्ठ्यारा कार्य सजिलै सम्पादन गर्न सकिनेछ। दिन संघर्षपूर्ण रहनेछ। |
| **कन्या** : योजनाहरू पूरा गर्ने समय रहेको छ। उच्च अधिकारीहरूसँग सम्पर्क बढ्नेछ। | **मीन** : व्यवसायमा सोचेजस्तो लाभ नमिल्ला। दाम्पत्य जीवन सुमधुर रहनेछ। |





समीक्षा ● पुष्कर अथक रेग्मी

# सीतारामको मुक्तक संग्रहभित्र घोत्लिदा








मुक्तक कविताको लघुतम रूप हो । कविता, आख्यान, नाटक र निबन्ध गरि साहित्यका चार विधामध्ये कविताको एउटा भेद मुक्तक हो । लामा-लामा कविता, खण्डकाव्य र महाकाव्य पढ्न र लेख्न फुर्सद नभएकाहरूका लागि मुक्तक स्वादिलो चटनीको रूपमा लोकप्रिय हुँदै आएको छ । महाकवि देवकोटाले मुक्तकको सन्दर्भमा भनेका छन, “कतै कतै चार गहकिला पङ्तिले त्यति भन्छन्, जो चालिसले भन्न सक्दैनन् ।” यसबाट यो प्रष्ट हुन्छ कि मुक्तक अत्यन्त खँदिलो हुन्छ र भाव प्रक्षेपणमा तीव्रता हुन्छ । यसै परिप्रेक्ष्यमा मुक्तक कविताबाट प्रभावित भएर साहित्यकार सीताराम घिमिरेले “मुक्तक संग्रह” (२०८२) प्रकाशनमा ल्याएका छन् । लुम्बिनी प्रदेश पाल्पा जिल्ला तानसेन नगरपालिका -११ हनगादी निवासी माता शीवकला रेग्मी र पिता हरिप्रसाद रेग्मीको सुपुत्र सीताराम घिमिरेको जन्म वि.सं.२०१४ जेठ १ गते भएको हो । पाल्पा तानसेनमा पाल्पा साहित्य समाज, शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान , शीत काव्य समाज लगायत विभिन्न साहित्यिक संस्थाहरूले आयोजना गर्ने साहित्यिक कार्यक्रमहरूमा नियमित उपस्थिति जनाउनुका साथै कविगोष्ठीहरूमा कविता तथा मुक्तक सुनाउँदा सुनाउँदै र सामाजिक सञ्जालमा मुक्तकहरू संप्रेषण गर्दागर्दै घिमिरे मुक्तककारको रूपमा मुक्तक संग्रह सहित उपस्थित भएका छन् । मुक्तककार घिमिरेले मुक्तक संग्रहको नाम ‘मुक्तक संग्रह’ नै राखेका छन् । सीताराम घिमिरेर चम्फाकुमारी घिमिरे दाम्पत्य जीवनमा बाँधिएको ५० औं वर्षगाँठ, स्वर्ण विवाह महोत्सव वर्षको अवसरमा सार्वजनिकरण भएको मुक्तक संग्रहको प्रकाशक मुक्तककार कै धर्मपत्नी चम्फाकुमारी घिमिरे रहेकी छन् । कूलजम्मा ३ सय ९३ वटा मुक्तकहरू संग्रहित रहेको मुक्तक संग्रहका लागि त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापक डा. शालिकराम पौड्यालले भूमिका लेखेका छन् । मेरो भन्नु शीर्षकबाट मुक्तककारले साहित्यिक यात्रामा अभिप्रेरणा दिनुहुने र प्रकाशकीय कार्यमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गरेका छन् । यसैगरी जेष्ठ पुत्र घिमिरेले बुवाको लेखनी र साहित्यिक यात्राले अझ सफलता पाओस् भनि सबै छोराछोरीको तर्फबाट प्रार्थना गरेका छन् ।

***जहाँ गए पनि चाँडै पाल्पा जाउँ जाउँ लाग्ने याहाँको स्वादिष्ट चुकाउनी खाउँ खाउँ लाग्ने वरिपरि गावैगाउंले घेरिएको यो सुन्दर तानसेन श्रीनगरको काखमा संधैभरी रमाउँ रमाउँ लाग्ने ।***

उल्लेखित मुक्तक मुक्तक संग्रहभित्र रहेको मुक्तककारको पहिलो मुक्तक हो । जुन मुक्तक जन्मभूमि पाल्पा तानसेन केन्द्रीत रहेको छ । जसले चारपङ्तिभित्र पाल्पा र तानसेनको सुन्दरतालाई उजागर गरेको छ । पाल्पा, तानसेन र श्रीनगरका साथै तानसेनको मिठो परिकार चुकाउनीलाई परिचित गराइएको छ । मुक्तकाकारको ३९३ औं स्थानमा रहेको अन्तिम मुक्तक यसप्रकारको रहेको छ ।

***आमाको कोखीको रिण चुकाउन बाँकी छ बाबुको काँधको कर्जा चुकाउन बाँकी छ यस जन्मभूमिको कर्तब्य पूरा गर्न बाँकी छ आधा उमेर भैसक्यो सबै काम बाँकी नै बाँकी छ । जन्मदिने माता र कर्मदिने पिताको रिण चुकाउन बाँकी छ । जन्मभूमिप्रति गर्नुपर्ने कर्तव्य पूरा गर्न बाँकी नै छ ।***


उमेर छदै केही गर्न सकिएन भन्ने आशय व्यक्त गर्दै सन्ततिहरूले उमेर र समय छदैं माता पिता र मुलुकका लागि उत्तरदायित्व वहनका साथ कर्तव्य पालन गर्नुपर्ने भनि अभिप्रेरणात्मक सन्देश संप्रेषण गरेका छन् । मुक्तककारले मुक्तकमार्फत मुलुकको अवस्था, सामाजिक र साँस्कृतिक रूपमा देखापर्दै गएका विकृति र विसंगतीहरू, नैतिकता र इमान्दारिता भित्रका संकट, छोराछोरीहरूको विदेश पलायन, अस्थिर राजनीतिका साथै मोबाइलको लतले सन्ततिलाई बिगार्ने पो हो कि, मानवीय कार्यसम्पादनहरू सबै यान्त्रिकीकरण हुँदै जानाले मनवको अस्तित्वमाथि नै कतै संकट त आउने हैन ? भनेर चिन्ता प्रकट गरेका छन् । यद्यपी उनका मुक्तकहरूमा जन्मभूमिप्रतिको समर्पण भाव, युवाशक्तिनै राष्ट्रशक्ति , बालापनको मजा, प्रकृतिको सुन्दरता, कृषि कर्म, सम्भावनाको खोजी, सतमार्ग धारण लगायतका भावहरू सम्मिलित भएका पनि छन् । उनका कुनै मुक्तकमा दु:ख, पीडाका साथै जीवनका निराशा भाव झल्किएका छन् भने अर्को मुक्तकमा बाच र बचाउ भन्ने मार्गहरू समेत प्रशस्ति गरिएका छन् । घिमिरेले मुक्तक मार्फत जीवनमा हरेश नखान, संस्कारको संरक्षण र सम्बर्द्धन गर्न, नेपाली भाषालाई माया गर्न, रोजगारमूलक शिक्षा नीति लागू गर्न, परम्परागत सीप र ज्ञानहरू पुस्तान्तरणसम्म हस्तान्तरण गर्न सिकाएका छन् ।

जीवनलाई सधैं प्रेमिल बनाउन, सुखभन्दा पनि खुशीलाई आत्मसात गर्नु, परोपकार र सेवा गर्नु, मानव भएर जन्मनुको भाव प्रदर्शन गर्नु, वातावरणको संरक्षण सहित प्रकृतिप्रेमी रहनु, जीवनलाई सुमार्गमा लगाइ असल कर्म गर्नु जस्ता सन्देशहरू प्रवाह भएका छन् । अभिधा, लक्षणा र व्यञ्जना शव्दशक्ति रहेका तिनै किसिमका मुक्तकहरू संग्रहभित्र रहेका छन् । मुक्तकको पहिलो पङ्तिले विषय वा भाव उठान, दोस्रो पङ्तिले समर्थन, तेस्रो पङ्तिमा चोटिलो प्रहार र चौथो पङ्तिमा उद्देश्यमुखी निष्कर्ष रहेको हुनुपर्छ । सीतारामका अधिकांश मुक्तकहरू यस्तै विशेषताले पूर्ण छन् । बिम्व, प्रतीक र रसले भरिएका मुक्तकहरू पनि संग्रहभित्र छन् । निष्कर्षमा भन्नुपर्दा नेपाली साहित्यको इतिहासमा पाल्पाबाट अर्को एउटा मुक्तक संग्रह प्रकाशित भएको छ । लघुतम काव्यको क्षेत्रमा फेरि एउटा मुक्तक कविता संग्रहित भएको छ । मुक्तक प्रेमीहरूले संग्रहभित्र रहेका मुक्तकहरूको स्वाध्ययन गरेर समसामयिक विषयमा सजिलोसँग मुक्तक लेख्न सकिदो रहेछ भन्ने ज्ञान र सीप पाउँछन् । मुक्तकले भूत वर्तमान र भविष्य बोलेका छन् । वर्तमान नेपाली साहित्यको विकासमा मुक्तक अत्यन्त लोकप्रिय कविता र छोटो संरचनामा लेख्न सकिने कविता भएकोले सीतारामको मुक्तकले पनि सफलताका साथ लोकप्रियता हासिल गर्न सकोस् भन्ने कामना गर्दछु । लेखकको बाँकी जीवन अझ मुक्तक काव्यमय बनिरहोस् - शुभकामना ! अन्तमा,

***कोपिलो र चोपिलो आहा सीतारामको मुक्तक पोटिलरो र चरोटिलो आहा सीतारामको मुक्तक हिजोआजभन्दा भोलि झनै बन्दै जाओस अझै गर्विलो र दर्विलो आहा सीतारामको मुक्तक ( लेखक रेग्मी स्रष्टा समीक्षक समेत हुन् )***




नाम: प्रान्सिका भट्टराई
उमेर : ७ वर्ष
कक्षा : २
स्कुल : सेन्ट कपितानियो स्कुल



छोटोकथा ● दिपेश राई

# मन बिझाएको त्यो सम्झना



एउटा गैरसरकारी संस्थाले पूर्वी नेपालका केही जिल्लाहरूमा सञ्चालन गरेको परियोजनाको अनुगमन र कार्य प्रगतिको जानकारी लिन म पूर्वको भ्रमणमा थिए । परियोजना भएका सबै जिल्ला घुम्दै फर्कने क्रममा म इलामको सूर्योदय नगरपालिकाबाट विराटनगर हुँदै काठमाडौं फर्कने योजना अनुरूप इलामबाट विराटनगर सम्म एउटा भाडाको कारमा आउँदै थिए । चालक बिर्तामोडका स्थानीय रहेछन् । कार पनि उनकै थियो । कुशलता पूर्वक गाडी हाँक्ने र बोली चाली राम्रो भएकोले सबै प्यासेन्जरहरू छोटो समयमा नै उनको नजिक हुने रहेछन् । फर्कंदै गर्दा हामी लगभग २ बजे तिर पथरी बजार कट्यौं । पथरी बजार कट्न बित्तिकै जङ्गल शुरू भयो । जङ्गल पुग्दा चालकले उनको पुरानो घटना सुनाउन शुरू गरे । “सर यो बाटोमा मेरो पत्याउन नसक्ने घटना घटेको छ ।” मैले भनें, “कस्तो घटना भाइ ?” उनी भन्दै गए, “एक दिन म गेस्टलाई भद्रपुरबाट इलामको फिक्कल बजार छाडेर अर्को गेस्टलाई लिन विराटनगर जानु पर्ने थियो । विराटनगरबाट भोलि पल्ट केही दिनको भोजपुर भ्रमण थियो । फर्कंदै गर्दा बाटोमा गाडी बिग्रियो । बनाउँदा बनाउँदै झपक्कै भयो । जसरी पनि विराटनगर पुग्नै पर्ने थियो । राती ठ्याक्कै सवा एघार बज्दो हो म पथरीको जङ्गलको मुखैमा पुगेको थिए । एक जना केटीले बाटो रोकी । लगभग १८–१९ वर्षको । शुरूमा त मलाई गाडी नरोकूँ कि जस्तो पनि भयो । तर सम्झें यो भन्दा दक्षिणतिर त बस्ती छ । केही कारणले अवर परेको पनि हुन सक्छ । मैले गाडी रोकें । त्यो बैनीले अत्तालिदै पश्चिम जानु छ जसरी भए पनि लगिदिन अनुरोध गरी । यसो हेर्दा अवर नै परेको होला जस्तो लाग्यो । मैले अगाडिको सिटमा बस्न भनें तर उसले पछाडिको सिटमा बस्छु भनी ।” भन्दाभन्दै चालक एक छिन अडिए । म पनि उनको कुरा सुन्दै बाटो वरपरको दृष्य हेर्दै थिएँ । “कारमा बसिसके पछि सामान्य कुराकानी शुरू भयो । केही बेरको कुरा पछि उनले अघि ऊ चढेको छेउको जङ्गल भित्र एक जना भर्खरको केटीको बलात्कार भएको कुरा सुनाई । मैले यो विषयमा पहिला नसुनेको कुरा गरें । उसले भन्दै गई त्यो दिन त्यो केटीलाई केही मानिसहरूले जङ्गलमा लगेर बलात्कार गरे । त्यसमा एक जना उसकै चिनेकै साथी थियो । साथी भन्दा पनि अलि बढी नजिक भइसकेको भनौं एक अर्कालाई माया गर्ने । तर त्यस दिन साथी बनाउँदो केटोले असली रूप निकाल्यो । त्यसले मात्र होइन त्यसका साथीहरूले पनि जबरजस्ती गरे । राक्षस भएर तिनीहरूले उसको ज्यान लिए । पोष्टमार्टम भयो अनि लक्ष्मीमार्गको घाटमा सदगद् भयो, सकियो । कोही पनि पक्राउ परेन । त्यो केटीको परिवार रोई कराई गरे तर न्याय कसैले दिएन ।” चालकको कुरा सुनेर मलाई पनि दु:ख लाग्यो । घटना दुखद् थियो । न्याय नपाउनु अर्को पीडा । “ती बैनीको कुरा सुनेर म के भन्नु के भन्नु भएँ ।” शायद त्यो परिस्थितिको सम्झनाले उनलाई उकुसमुकुस बनायो । निकै बेर टोलाए । म उनको कुरा पर्खिरहें । उनीतिर पुलुक्क आँखा पुर्याएँ । शायद मेरो पर्खाइ बुझेर होला कुरा अगाडि सारे, “सर ! ती बैनीले मलाई लक्ष्मीमार्गमा उत्रिने कुरा गरी । लक्ष्मीमार्ग आए पछि मैले सोधें कहाँ उत्रिने भनेर । उसले लक्ष्मीमार्ग चोक कट्न बित्तिकै उत्रिने दाइ भनी । मैले गाडी रोकेर ल उत्रिनु बैनी भनेर पछाडि फर्केर हेरे । गाडीको ढोका खोलेको छैन तर त्यो बैनी गाडीमा छैन । उत्रिएको पनि होइन । त्यति खेर मलाई उकुसमुकुस भयो । म एक्लै छु । चारै तिर सन्नाटा छ । मेरो आङ फुल्लिएर आयो । सास रोकिएला जस्तो भयो ।” यति भनेर उनी फेरि अडिए । म यो कुरा सुनेर अचम्मित भएँ । मनमा चिसो भयो । मैले सोधें, “त्यस पछि के भयो ?” उनले भन्दै गए, “धन्न त्यति नै खेर एउटा एम्बुलेन्स हुइँकिएर आयो । अनि मेरो पनि अलि होस र आँट आयो । हत्त न पत्त त्यो एम्बुलेन्सको पछि गाडी दौडाएँ । सर मलाई अहिले पनि कहिलेकाहीं यो बाटोमा हिँड्दा आङ जिरिङ्ग हुन्छ । तर एक मनले सोच्छु बिचरा त्यो पीडित बहिनी नै रहिछिन् । माया पनि लाग्छ । उसको परिवारलाई के भयो होला ? अपराधी किन समातिएन ? उसको मनको छटपटाहटले गर्दा यसरी आउने रहिछिन् ।” चालकको कुराले मेरो मनमा पनि उथलपुथल ल्यायो । सोच्दासोच्दै विराटनगर विमानस्थल आइपुगेछ । चालकसँग बिदा भई बोर्डिङ पास लिएर हवाईजहाजमा बस्दासम्म मनमा त्यो घटनाक्रम घुमिरह्यो । ती युवतीको पीडा, उसको परिवारको भोगाइ, उसको र परिवारको सपना ... मनमा एकतमास ज्वारभाटा चलिरह्यो । अहिले पनि सम्झना हुँदा असह्य पीडा भएर आउँछ।*-साहित्यपोस्ट डटकम*

*“कारमा बसिसके पछि सामान्य कुराकानी शुरू भयो । केही बेरको कुरा पछि उनले अघि ऊ चढेको छेउको जङ्गल भित्र एक जना भर्खरको केटीको बलात्कार भएको कुरा सुनाई । मैले यो विषयमा पहिला नसुनेको कुरा गरें । उसले भन्दै गई त्यो दिन त्यो केटीलाई केही मानिसहरूले जङ्गलमा लगेर बलात्कार गरे । त्यसमा एक जना उसकै चिनेकै साथी थियो । साथी भन्दा पनि अलि बढी नजिक भइसकेको भनौं एक अर्कालाई माया गर्ने । तर त्यस दिन साथी बनाउँदो केटोले असली रूप निकाल्यो । त्यसले मात्र होइन त्यसका साथीहरूले पनि जबरजस्ती गरे । राक्षस भएर तिनीहरूले उसको ज्यान लिए । पोष्टमार्टम भयो अनि लक्ष्मीमार्गको घाटमा सदगद् भयो, सकियो । कोही पनि पक्राउ परेन । त्यो केटीको परिवार रोई कराई गरे तर न्याय कसैले दिएन ।” चालकको कुरा सुनेर मलाई पनि दु:ख लाग्यो । घटना दुखद् थियो । न्याय नपाउनु अर्को पीडा । “ती बैनीको कुरा सुनेर म के भन्नु के भन्नु भएँ ।” शायद त्यो परिस्थितिको सम्झनाले उनलाई उकुसमुकुस बनायो । निकै बेर टोलाए । म उनको कुरा पर्खिरहें । उनीतिर पुलुक्क आँखा पुर्याएँ । शायद मेरो पर्खाइ बुझेर होला कुरा अगाडि सारे, “सर ! ती बैनीले मलाई लक्ष्मीमार्गमा उत्रिने कुरा गरी । लक्ष्मीमार्ग आए पछि मैले सोधें कहाँ उत्रिने भनेर । उसले लक्ष्मीमार्ग चोक कट्न बित्तिकै उत्रिने दाइ भनी ।*

# विद्यालयमा वातावरण बहससँगै वृक्षरोपण




**पाल्पा,** साउन १४/जिल्लाको तानसेन नगरपालिका -१ स्थित भुसालडाँडा माध्यमिक विद्यालयमा वातावरण सम्बन्धी बहससँगै वृक्षारोण गरिएको छ । लायन्स क्लव अफ पाल्पा प्राइडले "गो ग्रीन" अन्तर्राष्ट्रिय अभियान अन्तर्गत विद्यार्थीहरुसँग प्यानल छलफल तथा वृक्षारोपण कार्यक्रम गरेको हो ।

कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बालबालिका तथा विद्यार्थीहरुबिच वातावरण संरक्षण, महत्व, तथा गर्नुपर्ने क्रियाकलापको बारेमा जानकारी तथा सचेतना फैलाएर लायन्स क्लब अफ पाल्पा प्राइडले राम्रो काम गरेको बताए । यस्ता बहस, छलफल कार्यक्रमहरु अन्य क्षेत्रमा पनि गर्दै जानुपर्नेमा उनले जोड दिए । कार्यक्रममा डिभिजन वन कार्यालय पाल्पाका बरिष्ठ अधिकृत खिलबहादुर तामाङ्गले जलवायु परिवर्तनको कारण मानवीय जीवन संकटमा पर्दै गएकाले भावी पुस्तालाई वातावरणको विषयमा जानकारी गराउनु, ध्यानार्कषण गर्नु, वातावरको महत्व बारेमा प्रष्टाउनु राम्रो काम भएको बताए । कार्यक्रममा वातावरण संरक्षण, सरसफाइ, तथा फोहोर व्यवस्थापनका विषयमा सरोकारवालाहरूसँग विद्यार्थीहरूले अन्तर्क्रिया गरेका थिए । वातावरणीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यले गरिएको कार्यक्रमले सरोकारवाला, विद्यार्थी तथा समुदायबिच समन्वयात्मक प्रयासलाई बल दिएको छ । कार्यक्रमले वातावरण जोगाउनु, हामी सबैको साझा जिम्मेवारी भन्ने मूलमन्त्रलाई झकझकाएको छ ।

कार्यक्रममा जीएटी लिडर लायन सुशील प्रधान, तानसेन नगरपालिका- १ का वडाध्यक्ष सुनिल बस्याल, वडा नं. ६ का वडाध्यक्ष सागरमान महर्जन, एरिया २ की एरिया प्रमुख गंगा खत्री, साथै लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ पि का विभिन्न जिल्ला सल्लाहकारहरुको सहभागिता रहेको थियो । लायन्स क्लव अफ पाल्पा प्राइडकी अध्यक्ष एञ्जिना खनालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव कला दाहालले गरेकी थिईन ।

## साउन पन्ध्र संस्कृति...

...त्यसैले साउन पन्ध्रमा मात्र खिर खानु, तामझाम गर्नुको अर्थ छैन । बरु, खिर, दही चिउरालाई वर्षायामको नियमित नास्ता बनाएमा त्यसले स्वास्थ्य लाभ मिल्नेछ ।

**खिरको मौलिक स्वाद भने हराउँदै**

पछिल्लो समय गाउँघरमा गाई, भैंसी पाल्ने चलन कम हुँदै गएपछि पोषिलो खिरको मौलिक स्वाद भने हराउँदै गएको छ । पहिले-पहिले प्रत्येकको घरमा गाई भैंसी पाल्ने गर्थे । घरमा गाई, भैसी हुनेले दूध, दही, मोही, नौनी खाने चलन थियो, तर त्यो हिजो आजभोलि भने हराउँदै गएको छ । वर्षको एकदिनमात्र परम्परा धान्न र अरुलाई देखाउनकै लागि भएपनि डेरीको दूधमा खिर बनाएर खाने चलन अहिले बढेको छ । डेरीको दूधबाट बनाइएको खिरको मौलिक स्वाद भने हुँदैन् । पहिले जस्तो खिरमा मौलिक स्वाद नभएको पुराना पुस्ताहरुको गुनासो छ । "पहिले-पहिले घरमै भएको दूधबाट बनाइएको खिरको स्वाद नै बेग्लै हुन्थ्यो, अहिले भने डेरीबाट किनेर ल्याएको दूधको खिर खासै स्वादिष्ट नहुने रिब्दीकोट गाउँपालिका सिरुखर्ककी बसन्ती गाहा बताउँछिन् ।

## शैक्षिक गुणस्तर...

...गाउँपालिकाले करार सम्झौताको माध्यमबाट गाउँपालिकाभित्र एकरूपमा शैक्षिक प्रणाली विकास हुने, गुणस्तर मापन गर्न सकिने र पालिकाले शैक्षिक नीतिहरू समयसापेक्ष सुधार गर्न सक्ने आधार तयार हुने जनाएको छ । कार्यक्रममा विभिन्न विद्यालयका सबै प्रधानाध्यापकहरूले तोकिएको मापदण्ड र जिम्मेवारीअनुसार काम गर्ने प्रतिवद्धता जनाएका थिए । पालिकामा गुणस्तरीय शिक्षामा नमुना काम गर्नको लागि प्रधानाध्यापकहरुले विद्यालयका सबै शिक्षकहरुसँग पुन: कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने छ । विद्यालयका शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन प्रधानाध्यापकले गर्ने छन् भने समग्र विद्यालयहरुको मुल्याङ्कन पालिकाले गर्ने छ । करार सम्झौता कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष बिष्णु प्रसाद भण्डारीले शिक्षा कुनै एउटा निकायको मात्र नभई सबै सरोकारवालाको साझा जिम्मेवारी भएको बताउँदै कार्यसम्पादन करार सम्झौताले विद्यालयमा उत्तरदायित्व, अनुशासन र नतिजामुखी कामप्रति प्रधानाध्यापकहरूलाई प्रेरित गर्नेमा जोड दिए । अब हरेक प्रधानाध्यापकले आफूले हस्ताक्षर गरेको प्रतिवद्धताअनुसार काम गर्नुपर्ने अध्यक्ष भण्डारीले बताए । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बीर बहादुर पुनले शिक्षा क्षेत्रमा सुधार ल्याउन बजेट मात्र पर्याप्त नहुने, त्यसलाई सही ढंगले कार्यान्वयन गर्न प्रभावकारी नेतृत्व आवश्यक रहेकोले करार सम्झौता गर्नुपरेको बताए । सम्झौता हाम्रा विद्यालय सुधार गर्ने अभियानको लिखित सम्झौता भएकोले प्रधानाध्यापकले जिम्मेवारीबोधपुर्वक काम गर्न प्रमुख प्रशासकीय अधिकत पुनले जोड दिए । शिक्षा शाखा प्रमुख मिनादेवी आचार्यले करार सम्झौता विद्यालयको शैक्षिक उपलब्धि, शिक्षकको उपस्थिति, विद्यार्थीको नियमितता, पठनपाठनको कार्यान्वयन, विद्यालय व्यवस्थापन तथा अभिभावकसँगको समन्वय जस्ता महत्वपूर्ण सूचकहरू समावेश गरिएकाले जिम्मेवार भएर नतिजा सुधारको लागि गाईडलाइन भएको बताईन् । गाउँपालिकामा ३६ वटा सामुदायिक विद्यालय रहेकोमा ९ वटा मावि, २७ वटा आधारभुत विद्यालय रहेका छन् । गाउँपालिकामा २०८१ को एसईई नतिजामा ६० प्रतिशत विद्यार्थीहरु उर्तिण भएका छन् भने कक्षा ८ मा ७५ प्रतिशत विद्यार्थीहरु उर्तिण भएका छन् । दुबै नतिजालाई कम्तीमा ९० प्रतिशत पुऱ्याउने अभियानमा पालिका लागिपरेको गाउँपालिकाले जनाएको छ ।

खेलकुद समाचार

## आईसीसी वरीयतामा दीपेन्द्र दोस्रो स्थानमा उक्लिए



**काठमाडौं,** साउन १४/नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी आईसीसी टी-२० अलराउन्डर वरीयताको फेरि दोस्रो स्थानमा उक्लिएका छन् । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को पछिल्लो वरीयतामा दीपेन्द्र एक स्थान सुधार गर्दै दोस्रो स्थानमा उक्लिएका हुन् । यसअघि दोस्रो स्थानमा रहेका रोस्टन चेज सात स्थान तल झरेर नवौं स्थानमा पुगेसँगै दीपेन्द दोस्रो स्थानमा उक्लिएका हुन् । यस्तै नेपालकै कुशल भुर्तेल ३४, गुल्सन झा ५८, रोहित पौडेल ६८, कुशल मल्ल ६९ र करण केसी ८७ औं स्थानमा छन् । यो वरीयतामा भारतका हार्दिक पान्ड्या शीर्ष, अफगानिस्तानका मोहम्मद नवी तेस्रो स्थानमा छन् । टी-२० ब्याटिङ वरीयतामा भने दीपेन्द्रसिंह ऐरी दुई स्थान तल झर्दै ६३औं स्थानमा छन् । यस्तै रोहित पौडेल ६७, आसिफ शेख ७९ र कुशल भुर्तेल ८५औं स्थानमा छन् । यो वरीयतामा भारतका अभिषेक शर्मा शीर्ष, अस्ट्रेलियाका ट्राभिस हेड दोस्रो र भारतकै तिलक वर्मा तेस्रो स्थानमा छन् । टी-२० बलिङ वरीयतामा पनि दीपेन्द्रसिंह ऐरी पाँच स्थान तल झर्दै ८२औं स्थानमा छन् । यस्तै ललित राजवंशी ५६ र सन्दीप लामिछाने ७६औं स्थानमा छन् । यो वरीयतामा न्युजिल्यान्डका ज्याकोब डुफी शीर्ष, इङ्गल्यान्डका आदिल रशिद दोस्रो र भारतका वरुण चक्रवर्ती तेस्रो स्थानमा छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## पाल्पा जेसिजले दियो विद्यार्थीलाई शैक्षिक सामग्री



**पाल्पा,** साउन १५/सामाजिक कार्यमा सक्रिय पाल्पा जेसिजले सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री सहयोग गरेको छ । जेसिजले जिल्लाको तानसेन नगरपालिका- ११ मा रहेको लिपिन्देवी आधारभुत विद्यालयमा अध्यनरत ३७ जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री सहयोग गरेको हो ।

जेसिजले विद्यालयमै पुगेर विद्यार्थीलाई झोला, कपी, कलम सहयोग गरेको जनाएको छ । तानसेन नगरपालिकाका नगर प्रमूख तथा जेसिजका पूर्व अध्यक्ष सन्तोषलाल श्रेष्ठ, जेसिजका अध्यक्ष जेसी विवेककाजी शाक्य, नगरपालिका प्रवक्ता तथा तानसेन-११ का वडा अध्यक्ष यादव सिं कार्की, तानसेन- १ का वडा अध्यक्ष तथा जेसिजका पूर्व अध्यक्ष जेसी सुनिल कुमार बस्याल, जेसिजका निवर्तमान अध्यक्ष जेसी अर्जुन कार्की लगायतका जेसिज पदाधिकारीहरुले बुधबार एक कार्यक्रमकाबीच विद्यार्थीलाई उक्त शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन् । शैक्षिक सामग्री वितरण गर्दै नगर प्रमुख श्रेष्ठले विद्यार्थीलाई विद्यालयमा पहुँच वृद्धिका लागि जेसिजले गरेको सहयोगको चर्चा गरे । उनले यस्ता कार्यक्रम स्थानीय सरकारले आफैं गर्नुपर्ने भए पनि सामाजिक संघसस्थाले समेत सहयोगी भूमिका खेलेर सघाइरहेको बताए । शिक्षाको पहुँचबाट कुनै पनि बालबालिका विमुख नहुने वातावरण निर्माणका लागि सबैको साथ र सहयोग रहनुपर्ने भन्दै नगर प्रमुख श्रेष्ठले शिक्षा क्षेत्रमा नगर सरकारको उच्च प्राथमिकता रहेको बताए । उनले आफ्नो स्वर्गीय आमाको नामबाट विद्यालयमा ५० हजारको अक्षयकोष स्थापना गरिदिने उद्घोष समेत गरे । वडा अध्यक्ष तथा नगर प्रवक्ता कार्कीले शैक्षिक सामग्रीको अभावले विद्यालय जान नसक्ने बालबालिकालाई यो सहयोगले राहत पुग्ने विश्वास व्यक्त गरे । उनले अब शैक्षिक सामग्रीको अभावले हाम्रा बालबालिका विद्यालय गएनन् भनेर भन्ने ठाउँ नरहने बताए । सहयोगी निकायले गरेको सहयोगले वडालाई धेरै आर्थिक भार कम हुँदै गएको समेत अध्यक्ष कार्कीले विश्वास व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नर बहादुर सारु र प्रधानाध्यापक केसरी बस्नेतले जेसिजले विद्यार्थी र विद्यालयप्रति देखाएको सहयोग र सद्भाव प्रशंसनिय रहेको भन्दै धन्यवाद व्यक्त गरे । जेसिजका अध्यक्ष जेसी विवेक काजी शाक्यले विशेषगरी सामुदायिक स्कुलमा अध्ययनरत विद्यार्थीहरु अति विपन्न परिवारका हुने भएकाले तिनीहरुलाई पनि अन्य बालबालिका सरह शिक्षाको पहुँचमा पुऱ्याउन शैक्षिक सामग्री वितरण गरिएको बताए । यसले विद्यार्थीलाई विद्यालय आउन आकर्षित गर्नुका साथै शैक्षिक गुणस्तरमा वृद्धि हुने उनको भनाई छ ।

अध्यक्ष शाक्यले भने "हामीले युवाहरुको नेतृत्व, व्यक्तित्व विकाससँगै शिक्षा, स्वास्थ्य र पर्यटनका क्षेत्रमा समेत काम गर्दै आएका छौं ।" अध्यक्ष शाक्यले विद्यार्थीहरुमा नेतृत्व क्षमता विकासका तालिमहरु आवश्यक परेमा जेसिजले सहयोग गर्ने समेत बताए । पाल्पा जेसिजका मिडिया कोरडिनेटर सन्तोष गहतराजले जेसिजले गरेका हरेक गतिविधिहरु विपन्न, असहाय, ग्रामीण क्षेत्र लक्षित हुने गरेको बताए । सामग्री वितरण कार्यक्रम जेसिजका अध्यक्ष शाक्यको अध्यक्षता, कानुनी सल्लाहाकार जेसि महेश खनालको स्वागत, महासचिव जेसिज गणेश पन्थीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई